नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार,काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.: २०८२/०८३

चलानी नं.: २

मिति:२०८२/०४/०१

नेपाल संवत् ११४५

विषयः छानविन तथा परिपत्र सम्वन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

गृह मन्त्रालय, गुनासो व्यवस्थापन शाखाको प.सं. २०८१/०८२, च.नं. १००२, मिति २०८२/०१/०४ को छानविन तथा परिपत्र सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८२/४/१

.............

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री गृह मन्त्रालय, गुनासो व्यवस्थापन शाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# गृह मन्त्रालय

गुनासो व्यवस्थापन शाखा

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३५०८
दर्ता मिति:- ९/६

पत्र संख्याः- ०८१/०८२-MIN
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १००२

सिंहदरवार,
काठमाडौं, नेपाल ।
मितिः २०८२/०१/०४
ने.सं: ११४५

**विषयः- छानविन तथा परिपत्र सम्बन्धमा ।**

**श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं ।**

उपर्युक्त विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा) को मिति २०८१/१२/२६ च.नं. ५२१/५१६६ को पत्रसाथ प्राप्त उजुरीका विषयमा यस मन्त्रालयको ध्यानाकर्षण भएको छ। कमलबजार नगरपालिका, अछामका कार्यवाहक नगरप्रमुख शारदा कुमारी विष्टले मिति २०८१ असोज १ गते आफ्नो नगरपालिकाभित्र सार्वजनिक बिदा दिने सूचना प्रकाशन गरी कार्यालय बन्द गर्नु भएकोमा उक्त सार्वजनिक विदा घोषणा गर्ने विषय प्रचलित कानूनले दिएको अधिकार भित्र पर्ने हो होइन? सार्वजनिक विदाको घोषणा गर्ने अधिकार कानुन बमोजिम संघीय सरकारमा रहेको साथै प्रदेश सरकारले आफ्नो प्रदेशभित्र रहेका धर्मसंस्कृति, चाडपर्वलाई मध्यनजर गरी थप छ दिन सार्वजनिक विदा घोषणा गर्न पाउने र स्थानीय तहले पनि आफ्नो क्षेत्रभित्र पर्ने धर्मसंस्कृति, चाडपर्वलाई मध्यनजर गरी थप दुई दिन सार्वजनिक विदा घोषणा गर्न पाउने कानूनी व्यवस्थाभित्र रहेर निज का.वा. प्रमुखले सार्वजनिक विदा घोषणा गरेको हो, होइन? यस सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको यकिन गरी यदि अधिकार क्षेत्रभन्दा बाहिर गएर सार्वजनिक विदा घोषणा गरिएको रहेछ भने आगामी दिनमा सम्पूर्ण स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही प्रकृया पुऱ्याई सार्वजनिक विदा घोषणा गर्नुहुन भनी सबै स्थानीय तहमा परिपत्र जारी गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

२०८२/०१/०४
(रिनु थपलिया)
शाखा अधिकृत

**बोधार्थः**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा), सिंहदरवार काठमाडौ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०८१/८२
च.नं. : भ्र.नि./५२१/५१६६

मितिः २०८१/१२/२६
ने.सं.:- ११४५ चौलाथ्व ११ मंगलबार

श्री गृह मन्त्रालय, सिंहदरबार।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।

गृह मन्त्रालय
शाखा
द.नं.: ८०६०
मितिः १२/२८

विषयः निवेदन पठाइएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस कार्यालयमा दर्ता भएका तपसिल बमोजिमको निवेदन तहाँ मन्त्रालयसँग सम्बन्धित देखिएकोले यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध गर्दछु।

| क्र.सं. | निवेदकको नाम, ठेगाना | निवेदनमा उल्लेखित विषय | दर्ता नं र मिति |
|---|---|---|---|
| १. | नगर नागरिक समाज, कमलबजार न.पा., अछाम | आवश्यक कानूनी कारवाही गरिपाउँ | दर्ता नं. ७०६७, २०८१/१२/१७ |

नेपाल सरकार
गृह मन्त्रालय
दर्ता नं.: ७०९८
महाशाखा:
प्रशासन
सुरक्षा तथा समन्वय
विपद् तथा द्वन्द्व व्यवस्थापन
नीति यो.अ. तथा मू.
आन्तरिक व्यवस्थापन
कानून
अन्य
सचिव: ...... मिति: ......

२०८१।१२।२६
सुसना शर्मा
शाखा अधिकृत

बोधार्थः
श्री प्रधानमन्त्रीज्यूको नीजि सचिवालय, सिंहदरबार।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

निजी सचिवालय
६०८६
२०८१।१२।१७

मितिः २०८१/१२/१७

श्री सम्मानिनय प्रधानमन्त्रि तथा मन्त्री परिषदको कार्यालय,
सिंहदरवार, काठमाण्डौ ।

**विषयः आवश्यक कानूनी कारवाही गरी पाऊँ ।**

महोदय,

उपरोक्त सम्बन्धमा हामी निवेदक अछाम जिल्ला, कामलबजार नगरपालिका को स्थाई बासीन्दा भएको एक देशभक्त नागरिक हौ निवेदक संधै कानुन र विधिको सासनमा विश्वाश राख्ने एक सच्चा देशभक्त नागरीक भएको नाताले विधि र पद्दती विपरीतको कार्यको संधै विरोध गर्दछौ । यसै सन्दर्भमा कमलबजार नगरपालिका को उपमेयर शारदा कुमारी विष्ट कुवरले मिति २०८१/०५/३१ गते सार्वजनीक विदा सम्वन्धमा भनि एक सुचना प्रकाशीत गरी २०८१ असोज १ गते कमल बजारमा धेरै वर्ष अघि बाट हुँदै आएको घाँसे संक्रान्ती मेला र भदौ शुक्ल चतुर्दशीको तिथीमा नगरका अधिकांस समुदायमा कुलदेवता पुजा हुने भएको अवसरमा कमलबजार नगरपालीका क्षेत्र भित्रका सबै संघ संस्था विद्यालय र वडा कार्यालय र नगरपालीकाको कार्यालयमा मिति २०८१ असोज १ गते सार्वजनीक विदा दिएको भन्ने व्यहोराको सुचना प्रकाशीत गरी विदा दिएको र उक्त विदा नगरकार्यपालीका बाट निर्णय नगरी प्रचलीत कानूनको विपरीत हुने गरी उपमेयर जस्तो गरीमामय पदमा बसी सार्वजनीक पद धारण व्यक्ति बाट अख्तीयारको दुरुपयोग गरी सूचना प्रकाशीत गर्ने र विदा दिने विषय प्रचलीत कानुनको गंभिर उलंघन भएको हुँदा आवश्यक कारवाही गरी पाउँन प्रस्तुत निवेदन पेश गरेका छौ ।

प्रमाणः २०८१/०५/३१ मा प्रकाशीत सुचनाको फोटोकपी ।

निवेदक
नगर नागरिक समाज
कमलबजार नगरपालिका अछाम
९८१५६४२४८५

इति सम्वत २०८१ साल चैत्र महिना १७ गते रोज १ सुभम् ........................